# काबेली विकास बैंक लिमिटेड
# KABELI BIKAS BANK LIMITED

नेपाल राष्ट्र बैंकबाट (ख) वर्गको इजाजत प्राप्त वित्तीय संस्था (धनकुटा जिल्ला कार्यक्षेत्र भएको)
काबेलीमोड, चारचौतारी, धनकुटा, फोन : ०२६-५२१४३५, ५२१२१९,
५२१५१० फ्याक्स : ०२६-५२१४३६, Email: kbbremit@yahoo.com

को

## नवौं वार्षिक साधारणसभा सम्बन्धी सूचना

**मिति २०७३/१२/२७ गते बसेको संचालक समितिको १७० औं बैठकको निर्णयानुसार यस विकास बैंकको नवौं वार्षिक साधारण सभा निम्नलिखित मिति, स्थान र समयमा निम्न विषयहरु उपर छलफल तथा निर्णय गर्न बस्ने भएको हुँदा उपस्थित भइदिनु हुन शेयरधनी महानुभावहरुमा जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ।**

**सभा सञ्चालन हुने मिति, स्थान र समय :**

१. मिति : २०७४ साल बैशाख २७ गते बुधबार (मई १०, २०१७)
२. स्थान : चिप एण्ड बेस्ट, दी फुडल्याण्ड, धनकुटा
३. समय : बिहान ११ बजे

**छलफलका विषयहरु**

**(क) सामान्य प्रस्ताव**

१) संचालक समितिको वार्षिक प्रतिवेदन उपर छलफल गरी पारित गर्ने।
२) लेखा परिक्षकको प्रतिवेदनसहित २०७३ आषाढ मसान्तको वासलात तथा सोही मितिमा सामाप्त आ.व २०७२/०७३ को नाफा नोक्सान हिसाब तथा सोही अवधिको नगद प्रवाह विवरण सहितका अनुसूचि उपर छलफल गरी पारित गर्ने।
३) आर्थिक वर्ष २०७३/०७४ का लागि लेखापरीक्षक नियुक्त गर्ने र निजको पारिश्रमिक निर्धारण गर्ने।

**(ख) विशेष प्रस्ताव**

१) विकास बैंकको जारी पूँजी तथा चुक्ता पूँजी वृद्धि गर्ने।
२) संचालक समितिले प्रस्ताव गरे अनुसार गत आ.वको मुनाफाबाट २० प्रतिशत वोनस सेयर वापत रु.१,४०,३५,२००।- (रु. एक करोड चालिस लाख पैतिस हजार दुई सय मात्र) र सोमा लाग्ने कर प्रयोजनका लागि रु. ७,३८,६९५।- (सात लाख अठ्तिस हजार छ एक सय पन्चानब्बे रुपैया मात्र) नगद लाभांश स्वीकृत गर्ने।
३) संस्थापकहरुको शेयर स्वामित्व ५१ प्रतिशत तथा सर्वसाधारण शेयरधनीहरुको स्वामित्व ४९ प्रतिशत कायम गर्ने। सो बमोजिमको शेयर स्वामित्व कायम गर्न नेपाल राष्ट्र बैंकको निर्देशन बमोजिम समानुपातिकरुपमा संस्थापक शेयरलाई सर्वसाधारण शेयरमा परिवर्तन गर्ने।
४) आ.व २०७२/०७३ को बोनस शेयरपछिको चुक्ता पूँजी तथा आठौं साधारणसभाबाट पारित हकप्रद शेयरपछिको चुक्ता पूँजीको आधारमा दुई शेयर बराबर एक कित्ता शेयर (२:१)को अनुपातमा हकप्रद शेयर जारी गर्ने।
५) विकास बैंकको नियमावली तथा प्रबन्धपत्रमा आवश्यक संशोधन गर्ने।
६) विकास बैंकको नियमावली तथा प्रबन्धपत्र संशोधन गर्न अनुमति लिनुपर्ने निकायबाट प्राप्त हुन आउने निर्देशन बमोजिम थपघट लगायत आवश्यक संशोधन गर्न संचालक समितिलाई अख्तियारी प्रदान गर्ने।
७) काबेली विकास बैंक लिमिटेड र अन्य इजाजतप्राप्त बैंक तथा वित्तीय संस्था एक आपसमा गाभ्ने/गाभिने तथा प्राप्ती (Merger/Acquisition) उपयुक्त देखिएमा सो सम्बन्धी सम्पूर्ण कार्य अघि बढाउन संचालक समितिलाई अधिकार प्रत्यायोजन गर्ने।
८) संस्थापक शेयरधनीको तर्फबाट प्रतिनिधित्व गर्ने ४ जना संचालकको निर्वाचन गर्ने।

**(ग) विविध**

## वार्षिक साधारणसभा सम्बन्धी सामान्य जानकारी

१. साधारणसभा प्रयोजनका लागि मिति २०७४/०१/१३ गतेदेखि २०७४/०१/२७ गतेसम्म विकास बैंकको शेयर दाखिल खारेज दर्ता बन्द रहनेछ। नेपाल स्टक एक्सचेन्ज लिमिटेडमा मिति २०७४/०१/१२ गतेसम्म कारोवार भई ७ (सात) कार्य दिनभित्र यस विकास बैंकको शेयर रजिस्ट्रार ग्लोबल आईएमई क्यापिटल लिमिटेड, राष्ट्रिय नाचघर जमल, काठमाडौंमा प्राप्त शेयर नामसारीको लिखतका आधारमा शेयरधनी दर्ता किताबमा कायम शेयरधनीज्यूहरुले सभामा भाग लिन तथा मतदान गर्न पाउनु हुनेछ।
२. शेयरधनीज्यूहरुले सभामा उपस्थित हुन आउँदा साथमा प्रवेशपत्र वा शेयरधनी प्रमाणपत्र साथमा लिई आउन हुन अनुरोध छ, अन्यथा सभाकक्षभित्र प्रवेश गर्न पाइने छैन।
३. हुलाक/कुरियरबाट शेयरधनीज्यूहरुको ठेगानामा वार्षिक प्रतिवेदन पठाइने छ। कुनै कारणवश वार्षिक प्रतिवेदन प्राप्त गर्न नसक्नु हुने शेयरधनीज्यूहरुले यस बैंकको रजिस्टर्ड कार्यालय, धनकुटा तथा ग्लोबल आईएमई क्यापिटल लि., राष्ट्रिय नाचघर, जमलमा शेयरधनी प्रमाणपत्र प्रस्तुत गरी प्रतिवेदन प्राप्त गर्न सक्नुहुनेछ।
४. सभामा भाग लिन प्रतिनिधि (प्रोक्सी) नियुक्त गर्न चाहनु हुने शेयरधनीज्यूहरुले सभा शुरु हुनुभन्दा ७२ घण्टा अगावै यस विकास बैंकको केन्द्रीय कार्यालयमा प्रोक्सी फारम दर्ता गराइसक्नु पर्नेछ। सभामा भाग लिन र मतदान गर्नका लागि प्रतिनिधि नियुक्त गरिसकेपछि उक्त प्रतिनिधि बदर गरी अर्के मुकरर गर्नुपर्ने भएमा सोको लिखित सूचना सभा शुरु हुनुभन्दा २४ घण्टाअघि बैंकको केन्द्रीय कार्यालयमा दर्ता गराइसक्नु पर्नेछ।
५. शान्ति सुरक्षाका दृष्टिले आवश्यकताअनुसार सुरक्षाकर्मीले सुरक्षा जाँच गर्न सक्ने हुँदा सो कार्यमा सहयोग गरिदिनु हुनसमेत शेयरधनीज्यूहरुमा अनुरोध छ।
६. शेयरधनीज्यूहरुको सुविधाका लागि सभास्थलमा सभा हुने दिन बिहान ११ बजेदेखि कार्यालय समयभर हाजिरी पुस्तिका राखिनेछ।
७. शेयरधनीज्यूहरुका कुनै प्रश्न भए सोको उत्तर अध्यक्ष वा संचालक समितितर्फबाट सामूहिक रुपले दिइनेछ।
८. साधारणसभा सम्बन्धी अन्य कुनै जानकारी आवश्यक परे कार्यालय समयभित्र काबेली विकास बैंकको केन्द्रीय कार्यालय, हुलाक टोल, काबेली मोड, धनकुटा-७ मा सम्पर्क राख्न हुन शेयरधनी महानभावज्यूहरुमा अनुरोध छ।

**संचालक समितिको आज्ञाले**
**कम्पनी सचिव**